निर्णय पुस्तिका

बैठक संख्या-३

आज मिति २०७८ साल असोज ३ गते आइतवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई (नि. प्रमुख प्रशासकीय अधिकृत) | |
| १९ | प्रशासा अधिकृत (इं०) | श्री बाबुराम के०सी० | |
| २० | वित्त अधिकृत | श्री रमेश प्र० दाहाल | |
| | | | |

०७८।६।३

प्रस्तावहरु

१. विद्यालय शिक्षक/कर्मचारीको लागि पारिश्रमिक सम्वन्धमा ।
२. रोजगार सहायकको पदपूर्ती सम्वन्धमा ।
३. सि.वि.आर.को सेवा करार म्याद थप सम्वन्धमा ।
४. सामुदायिक विद्यालयलाई वार्षिक शैक्षिक सहायता अनुदान सम्वन्धमा ।
५. पशु प्राविधिक -१ दैनिक ज्यालादारीमा नियुक्त गर्ने सम्वन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा ।

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालय तथा समुदायमा संचालित प्रारम्भिक वालविकास केन्द्रका शिक्षिका र विद्यालयमा कार्यरत विद्यालय कर्मचारी (का.स. र कार्यालय सहयोगी)लाई संघीय सरकारको आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा वजेट वक्तव्य मार्फत स्थानीय तहलाई सृजना गरिएको तलव भत्ताको दायित्व अन्तर्गत संघीय सरकारले तोकेको न्यूनतम पारिश्रमिक वमोजिमको तलव मासिक १५ हजार कम नहुने गरी एक महिनाको चाडपर्व खर्च समेत तपसिल वमोजिम हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

तपसिलः

क. सहायक कर्मचारी वा लेखापालका लागि मासिक रु ३,५००।००
ख. विद्यालय सहयोगीका लागि मासिक रु ७,०००।००
ग. वालविकास केन्द्रका शिक्षिकाः मासिक रु ८,०००।००

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै सम्वन्धमा छलफल भै आमचोक गाउँपालिकाको रोजगार सेवा केन्द्रका लागि कामका लागि पारिश्रमिक युवारुप कार्यक्रमका लागि सोही कार्यक्रम संचालन सम्वन्धि कार्यविधि अनुरुप हुने गरि कर्मचारी-१ रोजगार सहायक पदमा पूर्तीका लागि प्रकृया वढाउन स्वीकृत दिने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिकामा संचालित अपाङ्गत रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि सेवा करारमा नियुक्त भै कार्यरत तपसिल वमोजिमका समुदायमा आधारित सहजकर्ता (सिविआर)को सेवा करार म्याद मिति २०७८ श्रावण १ देखि २०७८ पौष मसान्त सम्म गरी ६ महिनाका लागि थप(नविकरण) गर्ने निर्णय गरियो । ।

तपशिल

| सि.न. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सुरेश सुवेदी | सिविआर | |
| २ | कला तोलुङ्गे | सिविआर | |
| ३ | विशाल वस्नेत | सिविआर | |
| ४ | निशा राई | सिविआर | |

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाका तपसिलका सामुदायिक विद्यालयहरुलाई आमचोक गाउँपालिकाको दशौं गाउँसभा २०७८ ले चालुतर्फ स्वीकृत शैक्षिक संस्थाहरुलाई सहायता अनुदान शिर्षकवाट देहाय वमोजिम वार्षिक अनुदान दिने निर्णय गरियो ।

तपशिलः

क) जनशिक्षा प्रा वि - वार्षिक अनुदान रु ३४५९३०|- (चौतिस लाख पाँच हजार नौ सय तीस मात्र) नमुना निरन्तरता, प्रा.वि अनुदान कोटा-१ ,

ख) चन्द्रेश्वर मा.वि. - वार्षिक अनुदान रु ४४२०००|- (चार लाख बयालिस हजार मात्र) प्रा.वि. अनुदान कोटा -२ ।

ग) जनता आ.वि. - वार्षिक अनुदान रु ४४२०००|- (चार लाख बयालिस हजार मात्र) प्रा.वि. अनुदान कोटा -२।

घ) भगवती आ.वि. - वार्षिक अनुदान रु २६००००|- (दुई लाख साठी हजार मात्र) नि.मा.वि. अनुदान कोटा -१।

ङ) मङ्गलादेवी आ.वि -वार्षिक अनुदान रु ५२००००|- (पाँच लाख विस हजार मात्र) नि.वि. अनुदान कोटा -२।

च) जनजाग्रिति आ.वि- वार्षिक अनुदान रु २६००००|- (दुई लाख साठी हजार मात्र) नि.मा.वि. अनुदान कोटा -१।

छ) दुधकोशी प्रा.वि - वार्षिक अनुदान रु २२१०००|-(दुई लाख एक्काईस हजार मात्र) प्रा.वि अनुदान कोटा-१ ।

ज) जालपादेवी प्रा.वि - वार्षिक अनुदान रु २२१०००|-(दुई लाख एक्काईस हजार मात्र) प्रा.वि अनुदान कोटा-१ ।

झ) जनहित प्रा.वि - वार्षिक अनुदान रु २२१०००|-(दुई लाख एक्काईस हजार मात्र) प्रा.वि अनुदान कोटा-१ ।

ञ) चोमोलुङ्गमा प्रा.वि - वार्षिक अनुदान रु २२१०००|-(दुई लाख एक्काईस हजार मात्र) प्रा.वि अनुदान कोटा-१ ।

ट) सरस्वती मा.वि यूँ- वार्षिक अनुदान रु ३,२५०००|-(तीन लाख पच्चीस हजार मात्र) मा.वि शिक्षक अनुदान कोटा- १ ।

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिकामा पशु प्राविधिकको स्थायि दरवन्दी भएतापनि हाल नियुक्त नभएकोले पशु-प्राविधकको आवश्यकता भएको हूँदा पशुप्रावधिक-१ नाप्रास सहायक स्तर चौथो तहको मासिक तलवलाई आधारमानी प्रतिदिन काम तथा हाजिर आधारमा दैनिक रु ९५३.०० का दरले दैनिक ज्याला उपलव्ध गराउने गरि दैनिक ज्यालादारीमा सेवा करार वा स्थायी पदपूर्ती भै नआएसम्मका लागि नियुक्त गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै देहाय वमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

क. अविरल वर्षाका कारण घर भति क्षेति भएका आमचोक गाउँपालिका वडा नं १ निवासी डिक वहादुर विश्वकर्मालाई रु १०,०००|०० आर्थिक सहायता गर्ने ।

ख. आमचोक गाउँपालिका वडा नं ६ तिलक वहादुर राईको छोरा वर्ष ११ को अजय राई एपेण्डीक्स भै उपचाररत रहेकोमा आर्थिक अवस्था न्यून निजको उपचारका लागि रु २५,०००|०० आर्थिक सहायता गर्ने ।

ग. आमचोक गाउँपालिका वडा नं ७ का आसमाया राईको घर अविरल वर्षाको कारण क्षेति भै वस्न नहुने भएकोमा रु १०,०००|०० आर्थिक सहायता गर्ने ।

घ. आमचोक गाउँपालिका वडा नं ४ का उमेश परियार तथा निर्मला परियारको छोरा सुमन परियार लडेर घाइते भै विपि प्रतिष्ठानमा उपचरारत रहेको र आर्थिक अवस्था न्यून भएका विरामीको उपचारका लागि रु १५,०००|०० आर्थिक सहायता गर्ने ।